श्रमको सम्मान गरौं !
Let's respect labour !

श्रम शक्ति नै राष्ट्र शक्ति हो !!
Labour Force is Nation Force !!

Nepal Trade Union Congress
नेपाल ट्रेड युनियन कांग्रेस
राष्ट्रिय समिति

NTUC

च.नं Ref. No.: ५८०-२०७६/७७

मिति Date: मिति : २०७६ चैत्र २२

# प्रेश विज्ञप्ति

सम्पूर्ण विश्व समुदायलाई नै आतंकित बनाउदै फैलिँदै गएको कोभिड– १९ (कोरोना भाइरस) को महामारीवाट आम नेपाली जनता एवं श्रमजीवि वर्गलाई सुरक्षित राख्न गर्नु पर्ने आवश्यक पूर्व तयारी, स्वास्थ्य सुरक्षाको समुचित एवं प्रभावकारी व्यवस्थाका साथै श्रमजीवि वर्गको दैनिक जीवनयापनलाई सहज बनाउन गर्नु पर्ने सहयोग र उद्धार कार्यका लागि यस महासंघले आफ्नो प्रेश विज्ञप्ति, ध्यानाकर्षण पत्र मार्फत संक्रमणको शुरुवाती समय देखि नै नेपाल सरकार एवं सम्वन्धित निकायको ध्यानाकर्षण गराउदै आएको छ । यसै सन्दर्भमा हाल देखिएका निम्न विषयमा नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउन चाहन्छौ ।

१. कोभिड– १९ (कोरोना भाइरस) को महामारीको सँक्रमणलाई नियन्त्रण गर्न आवश्यक स्वास्थ्य सुविधामा पहुँच, उपकरण र पूर्वाधारको अभाव रहेको हाम्रो जस्तो मुलुकमा गत २०७६ चैत्र ११ गते देखि पूर्णरुपमा गरिएको लक डाउनले वर्तमान समय सम्म धेरै हद सम्म संक्रमणलाई नियन्त्रण गर्न सहयोग पुऱ्याएको छ । तर नेपाल सरकारद्वारा हालै अत्यावश्यक वस्तु र सेवा उत्पादन गर्ने उद्योगहरु संचालन गर्न दिने निर्णय प्रति यस महासंघको गम्भिर ध्यानाकर्षण भएको छ । एकातर्फ आफ्ना नागरिकलाई लक डाउनको पूर्णरुपमा पालना गर्न निर्देशित गर्ने र अर्को तर्फ अत्यावश्यक सेवा र वस्तु उत्पादनका नाममा उद्योग व्यवसाय संचालनमा ल्याउन दिनु आफैमा विरोधाभाषपूर्ण छ । अर्को तर्फ उद्योग व्यवसाय शुरु हुँदा संक्रमणलाई फैलन नदिन अपनाउनु पर्ने सवै स्वास्थ्य सुरक्षाका मापदण्ड पुरा हुन सकेन भने महामारी फैलन सक्ने र रोजगारदाता र मजदूर बीच द्वद्व शुरु हुन सक्ने तर्फ मध्येनजर राख्दै हाल घोषित लक डाउन अवधिभर कुनै पनि उद्योग कलकारखाना संचालनमा ल्याउन नदिन र आगामी दिनमा अत्यावस्यक सेवा र वस्तु उत्पादन गर्ने उद्योग व्यवसाय संचालनमा ल्याउनु पर्ने अवस्थाको सिर्जना भएमा श्रमिकहरुको स्वास्थ्य सुरक्षाको ग्यारेण्टी, संक्रमण फैलन नदिन अपनाउनु पर्ने सवै मापदण्डको पालना र राज्यको तर्फवाट प्रभावकारी अनुगमनको व्यवस्था गरेर मात्र संचालनमा ल्याउन नेपाल सरकार समक्ष यस महासंघ जोडदार माग गर्दछ ।

२. यसै गरी छिमेकी मुलुक भारतमा कार्यरत नेपाली श्रमीकहरु वर्तमान संक्रमणको त्रासले नेपाल फर्कनेक्रममा खासगरी सुदुर पश्चिमका विभिन्न सिमानाहरुमा उनीहरुलाई प्रवेश रोक लगाईएका कारण हजारौ श्रमीकहरु सिमापारी विचल्लीमा परेका छन । आफ्ना नागरिकलाई आवश्यक पर्दा हरेक खालको सुरक्षा दिनु राज्यको दायित्व हो । तसर्थ सिमानामा प्रवेश रोक लगाइएका नेपाली श्रमिकहरुलाई नेपाल प्रवेश गरे पश्चात क्वारेन्टाईनमा राख्ने गरी नेपाल प्रवेश गर्न दिई उनीहरुको तत्काल उद्धार गर्न समेत सरकार समक्ष माग गर्दछौं ।

जय नेपाल !

..............................
योगेन्द्र कुमार कुँवर
महासचिव

Binayaknagar, Bulbule Marga, Kathmandu-10, Nepal
P.O.Box: 5507, Tel.:+977-1-5244954, Fax: +977-1-5244959, Email: info@ntuc.org.np
ntucoffice@gmail.com
www.ntuc.org.np